मिति २०७८।०७।२० को नेपाल सरकार मन्त्रीस्तर निर्णयबाट स्वीकृत

# प्रस्तावमा आधारित ब्यावसायिक कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि समुदाय ब्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना, आयोजना कर्यान्वयन इकाईबाट उपलब्ध गराइने अनुदानका कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले, विनियोजन ऐन २०७८ को दफा (९) को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो कार्यविधि लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम** " प्रस्तावमा आधारित ब्यावसायिक कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"अनुदान"** भन्नाले नेपाल सरकारबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, र औद्योगिकरण तथा गरिबी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रचलित कानून अनुसार लेखा राख्ने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक वा वस्तुगत सहायता सम्झनुपर्छ।

(ख) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका जलउपभोक्ता समिति, जलउपभोक्ता समितिका कृषक, कृषक समूह, उद्यमीहरु सम्झनु पर्छ ।

(ग) **"कार्यक्रम"** भन्नाले समुदाय ब्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना, आयोजना कर्यान्वयन इकाईबाट सञ्चालन हुने उत्पादन तथा उत्पादकत्व बृद्धि लगायतका कृषि क्षेत्र सम्बन्धी क्रियाकलापलाई सम्झनु पर्छ ।

(घ) **"कृषि"** शब्दले बाली, बागवानी आदि कृषिका सबै उप-क्षेत्रसंग सम्बन्धित उत्पादन, उद्योग एवं व्यवसायलाई सम्झनुपर्छ ।

(ङ) **"कृषि सामग्री"** भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, विषादी, जैवीक पदार्थ तथा हार्मोन, कृषि चुन तथा रसायन, पोषक तथा शुक्ष्म तत्व, कृषि औजार उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुऱ्याउने अन्य वस्तुलाई समेत सम्झनुपर्छ।

(च) **"प्रस्ताव"** भन्नाले लागत सहभागीतामा आधारित अनुदान कार्यक्रमबाट आफ्नो कृषि व्यवसायका लागी अनुदान सहयोग पाउन लक्षित समूहले पेश गरेको कार्ययोजना सहितको विवरणलाई सम्झनु पर्छ ।

(छ) **"छनौट समिति"** भन्नाले लक्षित वर्गको प्रस्तावनालाई अन्तिम छनौट गर्नका लागि दफा ५ उपदफा १ बमोजिमको समिति सम्झनु पर्छ ।

(ज) **"बैङ्क"** भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कम्तिमा "घ" बर्गको बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ ।

(झ) **"मन्त्रालय"** भन्नाले संघिय कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ञ) **"आयोजना"** भन्नाले समुदाय ब्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना, आयोजना कार्यान्वयन इकाई, हरिहरभवन सम्झनु पर्छ ।

(ट) **"लक्षित समूह"** भन्नाले जल उपभोक्ता समिति, जल उपभोक्ता समितिका कृषक, कृषक समूह, उद्यमी सदस्यलाई सम्झनु पर्छ ।

(ठ) **"जल उपभोक्ता समिति"** भन्नाले सिचाइ नियमावाली २०५६ नियम ३ बमोजिम सम्बन्धित जिल्लाको सिचाइ कार्यलयमा आयोजना संचालनका लागि दर्ता भएका स्थानीय जल उपभोक्ता संस्था/समितिलाइ सम्झनु पर्छ ।

**३.सञ्चालन गरिने कार्यक्रम :** (१) समुदाय ब्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना, आयोजना कार्यान्वयन इकाईले स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्र विकासको लागि देहाय बमोजिमको विषयमा अनुदान उपलब्ध गराउन सक्नेछ ।

(क) कृषि उत्पादन र उत्पादकत्व वृद्धि लक्षित कार्यक्रमहरु

(ख) कृषि व्यवसाय तथा कृषि उद्योग प्रवर्द्धन लक्षित कार्यक्रमहरु

(ग) कृषि पूर्वाधार विकास लक्षित कार्यक्रमहरु

(घ) जिविकोपार्जन तथा सिमान्तकृत कृषक लक्षित कार्यक्रमहरु

(ङ) कृषि विकास सम्बन्धी अन्य कार्यक्रमहरू

**४. सूचना प्रकाशन तथा प्रस्ताव आव्हानः** (१) आयोजनाले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कम्तीमा १५ दिनको म्याद दिई अनुसुची-१ अनुसारको ढाचाँमा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ। सम्वन्धित सरोकारवाला सबैको जानकारीका लागि आयोजनाको वेवसाइटबाट समेत सो सम्वन्धी सूचना प्रचार प्रसार गरिनेछ।

२. प्रस्ताव पेश गर्न इच्छुक कृषि व्यवसायसँग सम्वन्धित लक्षित समूहले अनुसूची-२ अनुसारको निवेदन साथ प्रस्ताव पेश गर्नु पर्नेछ ।

**५. छनौट समितिको गठनः(१)** यस कार्यविधि अन्तर्गतका प्रस्ताव छनौटका लागि तपसिल बमोजिमको छनौट समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क) प्रमुख, आयोजना | संयोजक |
| ख) प्राविधिक अधिकृत प्रतिनिधि , कृषि विभाग | सदस्य |
| ग) प्रमुख, आर्थिक प्रशासन शाखा, आयोजना | सदस्य |
| घ) सम्वन्धित प्राविधिक कर्मचारी, आयोजना | सदस्य सचिव |

(२) समितिको वैठकमा आवश्यकता अनुसार बढीमा दुई जना विषयगत विज्ञको रूपमा आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठक सञ्चालन तथा निर्णय सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**६. अनुदानग्राहीको छनौटः** (१) दफा ५ अनुसारको छनौट समितिले अनुसूची-३ बमोजिमको मूल्याङ्नका आधारमा प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी अनुदानग्राहीको छनौट गर्नेछ ।

(२) उपदफा १ अनुसार अनुदानग्राहिको छनौटका लागि समितिले आवश्यकतअनुसार स्थगलगत निरिक्षण समेत गर्न सक्नेछ ।

२

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

**७. अनुदान रकमको सीमा:** (१) यस कार्यविधि अनुसार उपलब्ध गराइने अनुदान रकमको सिमा कुल प्रस्तावित स्वीकृत लागतको पचास प्रतिशतले बढीमा रु. तीन लाख सम्म हुनेछ।

**८. अनुदानग्राहीसँग सम्झौता गर्नुपर्ने:**(१) आयोजनाले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भएपछि अनुदानग्राहीसँग सम्झौता (अनुसूची-४) गर्नेछ।

(२) सम्झौता बमोजिम अनुदानग्राहीको तर्फबाट व्यहोर्नु पर्ने/लगानी गर्नुपर्ने रकमको सुनिश्चितताको लागि सम्झौता गर्नु अघि सम्बन्धित पक्षबाट लगानी गर्नुपर्ने रकम बराबरको जमानत (नगद, धरौटी वा ऋण स्वीकृत भएको बैंकको प्रतिबद्धतापत्र वा बैंक ग्यारेन्टी वा जगेडा कोष वा पूँजी प्रमाणित हुने कागजपत्र) निवेदन साथ पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सम्झौतामा अनुदानग्राहीले कार्य शुरु गर्नुपर्ने र सम्पन्न गर्नुपर्ने समय, अनुदान भुक्तानी हुने बैङ्कको शाखा/स्थानीय तह, आवधिक रूपमा कार्यसम्पन्न गर्नु पर्ने विषय, सो बमोजिम अनुदान उपलब्ध गराइने समय तालिका र भुक्तानी विधि अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

**९. अनुदानको भुक्तानी:** (१) अनुदानग्राहीलाई भुक्तानी हुने रकम बैङ्क खातामा जम्मा हुने गरी उपलब्ध गराइनेछ ।

(२) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भएका शर्त अनुसार हुनेछ ।

(३) जल उपभोक्ता समिति अन्तरगतको कृषक, कृषक समूहको हकमा अनुदान रकमको भुक्तानी माग गर्दा अनुदानग्राहीले प्रगति प्रतिवेदन र आवश्यक अन्य कागजात सहित सम्वन्धित जल उपभोक्ता समितिको सिफारीश समेत पेश गर्नु पर्नेछ ।जल उपभोक्ता समितिनै स्वयम् अनुदानग्राही रहेको हकमा सो समितिको कार्यसमितिको सिफारीश निर्णय समेत पेश गर्नु पर्नेछ ।

(४) सम्झौता अनुसारको कार्यक्रम सम्पन्न गरी पुस मसान्त भित्र आवश्यक कागजात सहित भुक्तानीको लागि पेश गरिसक्नु पर्नेछ ।

(५) अनुदानग्राहीबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त भई सोको प्रमाणीकरण नभए सम्म अनुदान रकमको अन्तिम किस्ता भुक्तानी हुनेछैन ।

**१०. बीमा गर्नु पर्ने:** (१) यस कार्यकविधि अन्तर्गत अनुदान प्राप्त गर्ने अनुदानग्राहीले सम्भव भएसम्म व्यवसायिक प्रस्ताव अन्तरगतका बाली साथै फर्म/भौतिक पूर्वाधारको बीमा गर्नु पर्नेछ।

(२) बीमालेख नभएका कृषि व्यवसाय तथा पूर्वाधारमा बीमा गर्न अनिवार्य हुने छैन ।तर त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुग्न गएमा सोको जिम्मेवार अनुदानग्राही स्वयं हुनु पर्नेछ।

**११. सार्वजनिक सुनुवाई र विवरण प्रकाशन गर्नुपर्ने:**(१) कार्यक्रमको विषयमा पारदर्शिताको लागि सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

(२) सञ्चालन भएको कार्यक्रमको वारेमा अनुदानग्राहीले अनुसूची-५ बमोजिमको जानकारीमूलक होर्डिङ्ग बोर्ड राख्नुपर्नेछ।

**१२. असुल उपर र कारवाही:** (१) यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ। विपद वा अन्य कुनै काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने उक्त क्षतिको प्रमाणित (मुचुल्का, स्थानीय तहको सिफारिस /प्रहरी प्रतिवेदन कागजात/ प्रमाण) विवरण सहित



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

एक महिनाभित्र अनुदानप्राप्त गरेको निकायमा लिखित जानकारी गराउनु पर्नेछ । यस्तो अवस्थामा आयोजनाको निर्णयानुसार हुनेछ ।

(२) यस कार्यविधि बमोजिम भएको सम्झौता अनुसार काम नगर्ने तथा अनुदानमा दिइएको सामग्री वा रकमको हिनामिना वा दुरुपयोग गर्ने अनुदानग्राहीलाई मन्त्रालय वा अन्तर्गतका निकायबाट भविष्यमा कुनै पनि अनुदान उपलव्ध गराइने छैन ।

**१३. अनुगमन तथा मूल्याङ्कन:** (१) यस कार्यविधि बमोजिम सञ्चालन गरिने समग्र कार्यक्रमको अनुगमन केन्द्रीय स्तरमा सम्वन्धित मन्त्रालय/बिभाग र आयोजना र फिल्ड स्तरमा जल उपभोक्ता समिति र सम्वन्धित फिल्ड प्राविधिकले गर्नेछन् ।

(२) कार्यक्रमको प्रगति प्रतिवेदन सम्वन्धित फिल्ड प्राविधिकले अनुसूची- ६ बमोजिमको ढाँचामा तयार गरी मासिक रुपमा आयोजनामा पठाउनु पर्नेछ ।

**१४. गुनासो व्यवस्थापन:** (१)अनुदानग्राहीको अनुदान प्राप्तिका क्रममा कुनै गुनासो भएमा सो सम्बन्धमा अनुदान उपलब्ध गराउने सम्बन्धित कार्यालयमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएमा सम्बन्धित कार्यालयको प्रमुखले त्यस्तो गुनासो प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निरुपण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको गुनासोको निरुपण उपर चित्त नबुझेमा अनुदानग्राहीले कृषि विभाग समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन उपर कृषि विभागले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो गुनासोको अन्तिम किनारा लगाउने छ ।

**१५. दोहोरो सुविधा लिन नपाउने:** अनुदानग्राहीले एउटै कामको लागि संघ, प्रदेश वा स्थानीय तह वा एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन। तर अन्य साझेदार निकायसंग स्पष्टसंग सम्झौता भई लागत इष्टिमेटमा समेत साझेदारीको हिस्सा उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न वाधा पर्ने छैन । अनुदान प्रवाह गर्दा विगतमा अनुदानप्राप्त नगरेकाहरूलाई प्राथमिकता दिइनेछ ।

**१६. सम्झौता बमोजिम हुने:** (१) यस कार्यविधि अनुरुप सञ्चालन हुने क्रियाकलाप र विकास गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा तोकिए बमोजिमको प्रयोजनका लागि मात्र गरिनेछ र कार्यक्रम संचालन गर्ने निकायको पूर्व स्वीकृति बेगर तोकिएको अवधि भित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरुप परिवर्तन, बिक्री वितरण कार्य गर्न पाईने छैन।

(२) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भएपछि कम्तीमा सम्झौतामा तोकिएको अवधिसम्म निरन्तर रुपमा सञ्चालन गर्नुपर्नेछ ।

**१७. व्याख्या र बाधा अड्काउ फुकाउ:**(१) यस कार्यबिधिको आवश्यक व्याख्या कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गर्न सक्नेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

४

अनुसूची – १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**..............................कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना (नमूना)**

सूचना।सूचना।।सूचना।।।

यस...........................................................................................को आर्थिक वर्ष............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार.................अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ........................... स्थानीय तहका जलउपभोक्ता समिति/जलउपभोक्ता समितिका कृषक/कृषक समूह, उद्यमीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएकोछ।यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले...........दिनभित्र..................स्थानीय तहमा तपसिल अनुसारका कागजातहरु संगलग्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरिएकोछ। यस सम्बन्धी थप जानकारीका लागि..................................मा सम्पर्क गर्न सकिनेछ।

आवश्यक कागजातः

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. कृषि व्यबसाय गर्ने अनुसूची-२ अनुसारको प्रस्ताव
३. निजी फर्मको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि
४. निजी फर्मको हकमा गत आ.व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्वन्धित स्थानीय तहको सिफारिस/प्रमाण
५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी
६. स्वलगानीको प्रतिवद्धता पत्र
७. जल उपभोक्ता समितिको सिफारिस पत्र

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

अनुसूची -२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा (नमूना)**

मितिः

विषयः कार्यक्रम प्रस्ताव पेश गरीएको सम्बन्धमा ।

श्रीमान् आयोजना प्रमुख ज्यू,
समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना,आयोजना कर्यान्वियन इकाई
हरिहरभवन, ललितपुर।

महोदय,

तहाँ आयोजनाबाट मिति..........................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको ............................कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ । कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान सहयोग उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु ।

प्रस्तावको संक्षिप्त विवरण

१. प्रस्तावको नामः

२. कार्यक्रम संचालन गर्ने ठेगानाः जिल्ला................. स्थानीय तहको नाम....... वडा नं ....... टोल.............. सिंचाई उप आयोजनाको नाम...........................

३. प्रस्तावित योजनाको मुख्य उद्देश्यः

४. सिंचाईको श्रोतः

५. लगाईने वालीहरुः

६. वालीनालीको क्षेत्रफलः (बिभिन्न वालीले ढाकेको क्षेत्रफल लेख्ने)

७. उत्पादकत्वः हालको उत्पादकत्व (धान...गहु........ मकै........ तरकारी......अन्य......मे टन/हेक्टर)
कार्यक्रम संचालन पश्चात उत्पादकत्व (धान...गहु.. मकै...तरकारी..अन्य......मे टन/हेक्टर)

८. वाली सघनताः हालको वाली सघनता .........कार्यक्रम संचालन पश्चात संभावित वाली सघनता...........

९. रोजगारी सिर्जना हुने संख्याः

१०. प्रस्तावित कार्यक्रमको भौगोलिक तथा प्राविधिक उपयुक्तता

११. अनुभवः (प्रस्तावकले फाराममा उल्लेख नभएका बिवरण जस्तै; संरचना निर्माणका लागि उपयुक्त सडक, सिंचाई, बिजुली, आवश्यक जमिनको क्षेत्रफल, वातावरण मैत्री, दिगोपना, मुनाफाजनक, कति वर्ष देखि खेति गर्दै आइरहेको, तालिम लिए/नलिएको आदी समेटिएका अनुभव र सोचाइ बिस्तृत बर्णनात्मक रुपले थप एक पेज लेख्नु पर्नेछ ।)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

१२. व्यावसायिक योजना संचालनका लागि गरिने क्रियाकलाप तथा अनुमानित लागत रकम

| सि.न. | संचालन गरिने आवश्यक क्रियाकलाप | परिमाण | प्रति इकाई दर | कुल जम्मा रकम रु. | सहभागिता रकम रु. | माग गरेको अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा रकम रु. | | | | | | | |

१४. आयोजना संचालनमा सहभागिहरुको विवरण

| क्र. सं. | उपभोक्ता निवेदकहरुको नाम | पद | ठेगाना (गा.पा./ नपा. र वार्ड नं. | घर परिवार संख्या | क्षेत्रफल रो. | सम्पर्क फोन | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| | | | | | | | |

निवदेक

जलउपभोक्ता समिति,जलउपभोक्ता समितिका

कृषक,कृषक समुह, उद्यमी कृषक

अध्यक्ष/प्रतिनिधिको दस्तखतः

नाम थरः

पदः

सम्पर्क फोन नं

मितिः

संस्थाको छापः

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

### अनुसूची-३
### दफा ६ सँग सम्बन्धित
### क. प्रस्ताव मुल्याङ्कनको आधार

| क्र.स. | मूल्याङ्कनका आधार | अधिकतम सम्भाव्य अंक |
|---|---|---|
| १ | कार्यक्रमको कमाण्ड क्षेत्रका लाभान्वित हुने संख्या (समुह/सहकारी/संस्था/समिति/फर्म आदि | १० |
| २ | प्रस्तावित कार्यले समेट्ने क्षेत्रफल/संख्या | १० |
| ३ | सामाजिक एवं लैङ्गिक सहभागिता) महिला/पुरुष/दलित आदि | १० |
| ४ | प्रस्तावित कार्यले उत्पादन बृद्धिमा पुग्ने सहयोग | १० |
| ५ | प्रस्तावित कार्यले सृजना गर्ने रोजगारीको अवसर | १० |
| ६ | प्रस्तावित वाली/वस्तुको भौगोलिक एवं प्राविधिक उपयुक्तता | ५ |
| ७ | समान प्रकृतिका अनुदान सहयोगको पहुँच नभएका समूह/सहकारी/संस्था/समिति/फर्म आदि | ५ |
| ८ | सहभागी लक्षित वर्गको नगद वा वस्तुगत योगदान परिमाण र प्रतिवद्धता | ५ |
| ९ | प्रस्तावित बाहेक परियोजनाबाट अप्रत्यक्ष लाभान्वित हुने सङ्ख्या | ५ |
| १० | प्रस्तावित कार्यको सृजनात्मकता एवम् नवीनता | ५ |
| ११ | आवेदनको संस्थागत क्षमता तथा कार्य अनुभव | ५ |
| १२ | प्रस्तावित कार्य कृषकको माग एवं आवश्यकता अनुरुप रहे/नरहेको | १० |

नोटः कार्यक्रमको प्रकृति अनुरुप छनौट समितिले मूल्याङ्कनको आधारहरु आवश्यकता अनुसार परिमार्जन र विस्तृतीकरण गरी मूल्याङ्कन गर्न सक्नेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची – ४

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**सम्झौताको ढाँचा (नमूना)**

यो सम्झौतापत्र समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना,आयोजना कार्यान्वयन इकाइ (यस पछि पहिलो पक्ष भनिएको) र ..............................गा.पा./न.पा...................................वडानं...... (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्तहरु पालना गर्ने गरी यो सम्झौता गरिएको छ।

यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्ताव/इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र संचालन गरी मितिः.......साल........महिना.....गते सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

१. यस सम्झौता बमोजिमको .............................. कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आँफैले गर्नुपर्नेछ।दोस्रो पक्ष आँफैले नगरी अन्यव्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन।

२. सम्झौता वमोजिमको कार्य संचालनको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु.....................(अक्षरेपी................) र दोस्रो पक्षको लागत सहभागिता रु...........(अक्षरेपी) हुनेछ।

३. दोस्रो पक्षले सम्झौता बमोजिमको ................................ कार्यक्रम अन्तरगत....................................व्यबसाय/उद्यम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघसंस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनुपर्नेछ।

४. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

५. दोस्रो पक्षले .....................कार्यक्रम अन्तर्गत........................व्यबसाय सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारीका लागि सार्वजनिक सुनुवाइ गराउनुपर्नेछ।

६. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष आवश्यक कागजात पेश भए पश्चात सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेयी चेक मार्फत भुक्तानी दिनेछ।

७. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्यसम्पन्न भई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

८. दोस्रो पक्षले स्वीकृत प्रस्तावको कार्य तालिका बमोजिम ......... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्ताव/इष्टिमेट अनुसार) पूर्णरुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ।

९. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१०. कार्यक्रमसंग प्रासङ्गिक अन्य विषयहरू (आवश्यक भएमा)

११. कार्यक्रमको विस्तृत ल.इ.डिजाइन संलग्न बमोजिम हुनेछ ।

१२. भुक्तानी हुने खाता नम्वरः

नामः

खाता नम्वरः

१३. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

| | |
|---|---|
| **पहिलोपक्ष** | **दोस्रो पक्ष** |
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |
| मिति | मिति |
| कार्यालयको छाप | संस्थाको छाप |
| **रोहवर** | **रोहवर** |
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| ठेगाना | ठेगाना |
| मिति | मिति |

मितिः २०७..।....महिना ।....गते

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

अनुसूची ५

( दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

**होर्डिङ्ग वोर्ड**

(साइजः ३ फिट x २ फिट)

**नेपाल सरकार**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**कृषि विभाग**

समुदाय ब्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना,आयोजना कर्यान्वियन इकाइ

१.आयोजनाको नामः

२.आयोजना सञ्चालनगर्ने व्यक्ति/फर्म/ सहकारी/संस्थाको नामः

३.ठेगानाः

४.आयोजनाको कूल लागतः रू

५.अनुदान रकमः रू

६.अनुदानग्राहीको सहभागिताः रू

७.अन्य साझेदार निकायको सहभागिताः रू

८.आयोजनाको अवधीः२०७८।...।.... देखि २०७९।....।....

९.लाभग्राहीहरूको संख्याः.........महिला.........पुरूष ........अन्य

अनुसूची- ६

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

**<u>मासिक प्रगति प्रतिवेदनको ढाँचा</u>**

आर्थिक बर्ष: २०७८।७९

जिल्लाः .............

स्थानीय तह:

कार्यक्रमको नामः ...........

अनुदानग्राहीको नामः ................

अनुदानग्राहीको फर्म वा कम्पनीको नाम र ठेगानाः

सम्पर्क नं. ....................

अनुदान रकमः रू..................

साझेदारी लागतः रू..................

कूल लागतः रू..................

कार्यक्रम अवधीः ....................

| क्र. सं. | कार्यक्रमका क्रियाकलापहरू | लक्ष्य | | प्रगति | | प्रगति हुन नसक्नुका कारण |
|---|---|---|---|---|---|---|
| | | भारित | वित्तीय | भारित | वित्तीय | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

सञ्चालित कार्यक्रमबाट देखिएको उपलव्धी....

कार्यक्रम कार्यान्वयन सम्बन्धी अन्य विषयहरु.....

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं